# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या :९ मिति : २०७६/१०/१२

**भाग-२**


# पनौती नगरपालिकाको

## बीउपूँजी परिचालन कार्यविधि २०७६

**प्रस्तावना :**

पनौती नगरपालिका क्षेत्रभित्रका महिलाको आर्थिक अवस्थामा सुधार ल्याउने, संचालनमा रहेका सहकारी संस्थाहरूलाई आर्थिक रूपमा थप सबल र सुदृढ बनाई शसक्तिकरणको अभियानमा टेवा पुर्‍याउन एक वीउपुजी कोष स्थापना गरी त्यसलाई नियमित गर्ने कार्यविधि निर्माण गर्न वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ११ (ट) तथा पनौती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यो बीउपूँजी परिचालन कार्यविधि २०७६ मिति २०७५ माघ ५ गतेको कार्यपालिका बैठकबाट पारित गरि लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम "वीउपुजी परिचालन कार्यविधि २०७६" रहेको छ ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) 'नगरपालिका' भन्नाले पनौती नगरपालिका सम्झनु पर्दछ ।

ख) 'कार्यालय' भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ र यस शब्दले उक्त कार्यालयको महिला विकास शाखालाई समेत बुझाउनेछ ।

ग) 'संस्था' भन्नाले विउपूजी लगानी गर्नका लागि छनौट गर्न/गरिएको महिला सहकारी संस्थालाई बुझाउनेछ ।

घ) 'सदस्य' भन्नाले संस्थाको विउपूजी प्राप्त गर्ने सदस्यलाई बुझाउनेछ ।

ङ) 'वीउपूजी' भन्नाले नगरपालिकाले महिला सशक्तिकरणका लागि नगरसभाबाट विनियोजित गरेको बजेटको अंशलाई बुझाउनेछ ।

च) 'ऋणी' भन्नाले वीउपुजी प्राप्त गर्ने सदस्यलाई जनाउनेछ ।

छ) 'लगानी' भन्नाले सदस्यको आर्थिक विकासका निम्ती गरिएको वीउपुजी लगानीलाई बुझनुपर्नेछ ।

ज) 'असुली' भन्नाले सदस्यबाट वीउपुजी फिर्ता गर्ने कार्यलाई बुझाउनेछ ।

झ) 'सम्झौता पत्र' भन्नाले नगरपालिका र संस्थाबीच भएको अनुसूची १ मा उल्लेखित सम्झौतापत्रलाई जनाउनेछ ।

**३. उद्देश्य :-**

१) प्रत्येक आ.व. को बार्षिक कार्यक्रममा वीउपुजी स्थापनाका लागि आवश्यक रकमको ब्यवस्था गर्ने ।

२) सबै संस्थाहरूबाट बिउपुजीको लागि माग संकलन गरी तथ्याङ्क अद्यावधिक गर्ने ।

३) प्राप्त मागका आधारमा सम्बन्धित कार्यालयमा वीउपुजी कोष स्थापनाका लागि रकम उपलब्ध गराउने ।

४) कार्यालयबाट बीउपूँजी परिचालनका लागि आवश्यक निर्देशन दिने ।

५) बीउपूँजी परिचालनका बारेमा समय समयमा अनुगमन गरी कार्यालय तथा संस्थाहरूलाई आवश्यक निर्देशन दिने ।

६) अनुगमन गर्दा संस्थाहरूले बीउपूँजी परिचालन नीति विपरित कार्य गरेको पाइएमा सो संस्थासंगको सम्झौता भंग गरी बीउपूँजी फिर्ता गर्न लगाउने ।

७) समय र परिस्थिति अनुसार कार्यविधिलाई आवश्यक सुधार गर्दै जाने ।

**४. बीउपूजी प्राप्त गर्न निवेदन दिनुपर्ने :**

१) संस्थाले बीउपूँजी प्राप्त गर्नका लागि सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्ने छ । यसरी निवेदन दिंदा उक्त संस्थाको संचालक समितिको निर्णय तथा संस्थाको बीउपूजी परिचालन र कर्जा लगानी नीति समेत समावेश गर्नुपर्नेछ ।

**५. बीउपूँजी संचालन र ब्यवस्थापन :**

**५.१ बीउपूँजी परिचालनका शर्तहरू :**

१) संस्थाले आफ्ना सदस्यहरूबीचमा मात्र बीउपूँजी परिचालन गर्नुपर्नेछ ।

२) बीउपूँजी परिचालनका लागि संस्थाले अनिवार्यरूपमा विनियमद्धारा नै एउटा कर्जा लगानी समितिको ब्यवस्था गरी सोही समितिको निर्णयद्धारा कर्जालगानी गर्नुपर्नेछ ।

३) बीउपूँजी परिचालन गर्दा लगानी हुने अवधि, न्यूनतम ब्याजदर, प्रति सदस्य लगानी गरिने अधिकतम रकम, भाखा नाघेमा लाग्ने हर्जना आदि बिषयमा संस्थाले बीउपूँजी परिचालन नीति तयार गरी सोही नीतिमा स्पष्ट उल्लेख गरी लागु गर्नुपर्ने छ । तर बीउपूँजीको ब्याजदर प्रचलित ब्यजदर भन्दा बढी हुन पाउने छैन ।

४) संस्थाले बीउपूँजी लगानी गर्दा बढी भन्दा बढी सदस्य लाभान्वित हुने गरी लगानी गर्ने नीति बनाउनु पर्ने छ । लगानी गर्दा सदस्यहरूको कर्जा माग मध्येबाट उत्पादनमूलक र कम समयमा बढी प्रतिफल प्राप्त हुने खालका परियोजनामा प्राथमिकताका साथ लगानी गर्नुपर्ने छ ।

५) कर्जाको भाखा तोक्दा परियोजनाको प्रकृतिका आधारमा न्यूनतम भाखातय गरिनु पर्दछ ।

६) बीउपूँजी लगानी गर्दा कूल कोष रकमको १० प्रतिशत भन्दा बढी रकम घरायसी कार्यका लागि मात्र भएको कर्जामा लगानी गर्न पाइने छैन ।

७) संस्थाका सदस्यले कर्जा माग गर्दा निवेदन पेश गर्नुपर्ने छ ।

८) संस्थामा नियमित बचत नगर्ने सदस्यलाई बीउपूँजीबाट कर्जा लगानी गर्न पाइने छैन ।

९) संस्थाहरूले प्रत्येक बर्षको असार मसान्तमा आफुले कार्यालयबाट प्राप्त गरेको बीउपूँजीको २ प्रतिशत ब्याज कार्यालयको बीउपूँजी कोषमा जम्मा गर्नुपर्ने छ ।

१०) बीउपूँजी लगानी नीति अन्तर्गत ऋण लिन इच्छुक सदस्यहरू मध्ये गरिव तथा पिछडिएका बर्गका सदस्यहरूलाई संस्थाले पहिलो प्राथमिकता दिने ब्यबस्था गर्नुपर्ने छ ।

११) बीउपूँजी परिचालन गर्दा कार्यविधिको परिधिभित्र रहेर लगानी र भुक्तानी प्रभावकारी हुने अन्य शर्तहरू आफुले निर्धारण गरी लागु गर्न सक्ने छन् ।

१२) आफ्नो वडा भित्र कार्यरत सहकारी संस्थाले एकल महिला, जनजाती, दलित र बिपन्न सदस्यको बाहुल्यता भएका संस्था छनौट गरि सिफारिश गर्ने अधिकार वडा कार्यालयको रहनेछ ।

१३) संस्थाले लगानी गर्दा सेवा शुल्क र अन्य कुनै पनि शुल्क लिन पाउनेछैन ।

१४) संस्थाले लागनी गर्दा सदस्यले पेश गरेको परियोजनाको आधारमा १०,०००/- देखि ३०,०००/- सम्म लगानी गर्न सक्ने छ ।

१५) बीउपूँजी लगानीमा धितो लिन पाउनेछैन । यसमा समुह जमानी नै धितोको रूपमा रहने छ ।

१६) बीउपूँजी लगानी असुलीको सम्पूर्ण जिम्मेवारी संस्थाहरूमानै निहित हुनेछ ।

१७) संस्थाले बीउपूँजी लगानी गर्दा कानूनी आधारमा संस्थाको बिनियम/कार्यविधि भित्र रहेर गर्नुपर्ने छ ।

१८) बीउपूँजी रकमको रेकर्ड ब्यवस्थापनगर्ने जिम्मा संस्थाको नै हुने छ ।

१९) वीउपुजी लगानीका लागि नगरपालिका कार्यालयमा सुचिकृत भएका संस्थालाई प्राथमिकता दिइने छ ।

**६. बीउपूँजी परिचालन सम्झौताको अवधि र नवीकरण ब्यवस्था**

क) कार्यालयबाट सम्झौता गरि संस्थालाई बीउपूँजी प्रदान गर्दा शुरूमा ३ बर्षे अवधि कायम गरिने छ ।

ख) कार्यालयले अनुगमन गर्दा संस्थाले कार्यविधिको अधिनमा रहि सबै सदस्यहरूको हित हुने गरी प्रभावकारी ढंगबाट बीउपूँजी परिचालन भएको र बार्षिक ब्याज बुझाएको पाईएमा १८ महिना पश्चात पुनः थप ६ महिनाका लागि सोही संस्थालाई नवीकरण गरी बीउपूँजी परिचालन गर्नदिन सकिनेछ ।

**७. बीउपूँजी फिर्ता गर्नु पर्ने :**

देहायमध्ये कुनै एक अवस्था भएमा संस्थाले कार्यालयलाई अनिवार्यरूपमा २ प्रतिशत ब्याज सहितको बीउपूँजी सम्झौता अवधि समाप्त भएको मिति भित्र फिर्ता गर्नु पर्ने छ ।

क) संस्थाको सम्झौता अवधि तथा नवीकरण भएको अबस्थामा सो अवधि समेत समाप्त भएमा ।

ख) संस्थाको सम्झौता रद्द भएमा ।

ग) यसरी अवधि समाप्त भए पश्चात पनि संस्थाले कार्यालयलाई बीउपूँजी फिर्ता नगरेमा उक्त रकम सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

**८. संस्थाबाट फिर्ता प्राप्त बीउपूँजी पुनः परिचालन गर्न सक्ने**

क) कार्यालयको बीउपूंजी कोषको अबस्था र नगरपालिकामा गठन भएका संस्थाको बीउपूँजी मागको आधारमा एउटा संस्थाले सम्झौतामा तोकिएको अवधिसम्म बीउपूँजी परिचालन गरे पश्चात फिर्ता प्राप्त बीउपूँजी यसै कार्यविधिको अधिनमा रहि कार्यालयले नयाँ संस्थालाई वीउपुजी उपलब्ध गराउन सक्ने छ ।

ख) कार्यालयको बीउपूँजी कोषमा रकम मौज्दात भएमा र नयाँ संस्थाबाट माग नभएको अवस्था विद्यमान रहेमा बीउपूँजीको माग, सदस्य संख्या र कार्यक्षमताका आधारमा एउटै संस्थालाई पुनः सम्झौता गरी बीउपूँजी थप लगानी गर्न सकिने छ । तर यसका निम्ति कार्यालयमा बुझाउनुपर्ने ब्याज नियमित रूपमा बुझाएको हुनुपर्नेछ ।

**९. संशोधन :** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्यवस्था गर्नुपरेमा वा संशोधन गर्नुपरेमा प्रचलित कानूनसँग नबाझिने गरि नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची-१

## सम्झौता पत्र

आज मिति २०......... मा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय र ................................................................................(संस्था) बीच तल उल्लेखित शर्तको परिधिभित्र रही बीउपूँजी रू...................................... परिचालन गर्न सम्झौता गरेका छौं । यसमा कुनै फरक पर्ने छैन । सम्झौताका शर्त तथा महिला सशक्तीकरणका लागि बीउपूँजी परिचालन कार्यविधि २०७६ मा उल्लेखित शर्तहरू भित्र रही बिउपुजी परिचालन गरिनेछ ।

**शर्तहरू :**

१) यो सम्झौता ................................................ लागि लागु गर्नमा हामी दुबै पक्ष सहमत छौ, तर संस्थाले संचालन सम्बन्धी शर्तहरू उल्लंघन गरेमा कार्यालयले बिचैमा सम्झौता भंग गरी बीउपूँजी रकम फिर्ता लिनसक्ने छ ।

२) बीउपूँजी संचालन कार्यविधि तथा यसको अनुगमन तरिका र त्यसबाट पाउनुपर्ने प्रतिफल प्रभावकारी तथा शर्त बमोजिम देखिएमा कार्यालयले पुनः थप ६ महिनाको लागि सम्झौता नविकरण गर्नसक्ने छ ।

३) कार्यालयबाट उपलब्ध बीउपूँजी परिचालनको अभिलेख संस्थाले कार्यविधि बमोजिम दुरूस्त राखी सो अभिलेख मासिक रूपमा कार्यालय समक्ष पठाउनु पर्नेछ ।

४) सम्झौतामा उल्लेख भएको बीउपूँजी रकमको बार्षिक २ प्रतिशत ब्याज प्रत्येक महिनाको मसान्तमा संस्थाले कार्यालयमा बुझाउनु पर्नेछ ।

५) बीउपूँजी रकम संस्थाको खातामा जगेडा नराखी परिचालन गरी रहनु पर्नेछ ।

६) बीउपूँजी परिचालन प्रयोजनका लागि संस्थाले एउटा कर्जा समिति गठन गर्नु पर्ने छ ।

७) बीउपूँजी परिचालन गर्दा कुनै ऋणी सदस्यबाट नियम विपरित कार्य गरे संस्थाको कोष परिचालन नीतिमा ब्यवस्था भए अनुसार दण्ड जरिवाना गरी यथा शिघ्र ऋण असुली गर्नुपर्ने छ ।

८) बीउपूँजी परिचालन गर्दा प्रचलित ब्याजदर भन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नुपर्ने छ ।

९) संस्थाले आफ्ना शेयर सदस्यहरूभन्दा बाहिर लगानी गर्न पाउने छैन ।

१०) सम्झौता बमोजिमको बीउपूँजी रकमको सम्पूर्ण जिम्मेवारी संस्थाकै हुनेछ ।

११) माथि उल्लेख भएका शर्त बाहेक अन्य कुराहरू कार्यविधि बमोजिम दुबै पक्षका लागि समान रूपमा मान्य हुनेछन ।

**कार्यालयको तर्फबाट**

पद :

संस्था :

दस्तखत :

मिति :

**संस्थाको तर्फबाट**

पद :

संस्था :

दस्तखत :

मिति :

**साक्षी**

संस्थाको तर्फबाट :

पद :

संस्था :

दस्तखत :

मिति :

संस्थाको तर्फबाट

पद :

संस्था :

दस्तखत :

मिति :

पनौती नगरपालिका, २०७३

आज्ञाले

हरी प्रसाद चापागाई

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७६/१०/०९

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*